मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड
Mailung Khola Jal Vidhyut Company Limited
Company Reg. No.: 125838/071/072 | PAN: 301448981
Uttardhoka, Kathmandu, Nepal
Tel.: +977-1-4532372 | Email: mailung.mkjc@gmail.com | Web: www.mailungkhola.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को
अनुसूची - १४
(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)
आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

(क) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति सेयर आम्दानी (वार्षिक) (रु.)	प्रति सेयर नेट-वर्थ (रु.)	प्रति सेयर बजार मूल्य (रु.)	पी/ई अनुपात (वार्षिक)	प्रति सेयर कुल सम्पत्ति (रु.)	हालको अनुपात
४.०९	१०४.५९	५१८	१२६.५१	२०५.०६	१.४५

२. व्यवस्थापकीय विश्लेषण

(क त्रैमासिक अवधिभर सेयर ,आम्दानी तथा तरलतामा भएको परिवर्तन र त्यसको कारण: तेस्रो त्रैमासिकसम्म, त्रैमाससम्ममा मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड (MKJC) (५ मेगावाट) ले विद्युत् बिक्रीबाट कुल रु. ७९,२६०,११५ को चालान उत्पादन गरेको छ, जुन अघिल्लो वर्षको सोही अवधिसँग तुलना गर्दा रु.३,३२०,८१९ ले बढेको हो। यस त्रैमासिकसम्म कुल सञ्चालन नाफा रु.३३,७१६,१७७ पुगेको छ, जसमा रु. ४,४५६,८३८ को वृद्धिले योगदान पुर्याएको छ, जुन मुख्यतया विद्युत् बिक्रीमा बढोत्तरी आएको कारणले हो।

(ख) आगामी व्यवसाय योजना सम्बन्धी व्यवस्थापन विश्लेषणको विवरण: व्यवस्थापनले आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन अभ्यास सुधार गर्न निरन्तर प्रयास गरिरहेको छ।

(ग) विगत अनुभवको आधारमा कम्पनीको नाफा, सेयर, र नगद प्रवाहमा पर्न सक्ने सम्भावित प्रभाव सम्बन्धी विश्लेषणात्मक विवरण: कम्पनीले नाफामा स्थिर प्रगति कायम गरेको छ र यस अवधिमा कम्पनीका सञ्चिती, नाफा वा नगद प्रवाह अवस्थामा नकारात्मक प्रभाव पार्ने कुनै अन्य घटना भएको छैन।

३. कानूनी कारवाही सम्बन्धी विवरण

(क) यस त्रैमासिक अवधिमा यस कम्पनीले वा कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर नगरेको अवस्था छ ।

(ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरको सम्बन्धमा कुनैमुद्दा दायर भएको जानकारी प्राप्त नभएको अवस्था छ।

(ग) यस कम्पनीको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा भएको जानकारीमा प्राप्त नभएको अवस्था छ ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

त्रैमासिक अवधिमा शेयर कारोबारका मुख्य विवरणहरू यसप्रकार छन् :

विवरण	मूल्य / संख्या
अधिकतम मूल्य	रु.५८२.००
न्यूनतम मूल्य	रु.४८४.२०
अन्तिम बन्द मूल्य	रु.५१८.००
कुल कारोबार रकम	रु.१,१९९,२२४,८८३
कुल कारोबार संख्या	११,१६२
कारोबार भएका दिनहरू	५३
कुल कारोबार भएको शेयर संख्या	२,२३५,३८६.००

मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड
Mailung Khola Jal Vidhyut Company Limited
Company Reg. No.: 125838/071/072 | PAN: 301448981
Uttardhoka, Kathmandu, Nepal
Tel.: +977-1-4532372 | Email: mailung.mkjc@gmail.com | Web: www.mailungkhola.com.np

५. समस्या तथा चुनौतिहरु

क. आन्तरिक चुनौतीहरू:

१.दक्ष जनशक्ति सुरक्षित राख्ने र त्यसको प्रभावकारी उपयोग गर्ने ।

२.कोष व्यवस्थापन ।

३.सञ्चालन दक्षता कायम राख्ने ।

ख. बाह्य चुनौतीहरू:

१.जलविद्युत् आयोजना विकासमा सरकारी नियामक निकायहरूबाट अस्थिर नीतिगत र नियामकीय प्रतिबद्धता ।

२.पुँजी लागतको उतार-चढाव र स्थानीय मुद्राको अवमूल्यन ।

३.कानुनी स्वीकृतिमा ढिलाइ ।

४.प्राकृतिक प्रकोप जस्तै बाढी, भूकम्प, दैवी प्रकोपजन्य अवस्था आदिबाट हुन सक्ने क्षति।

५.जलविद्युत् उपकरण तथा स्पेयर पार्टसका लागि पर्याप्त घरेलु आपूर्तिकर्ता तथा विक्रेताको अभाव ।

६.विद्यमान ट्रान्समिशन लाइन नेटवर्क अपर्याप्त हुनु र जलविद्युत् परियोजनाबाट विद्युत् निकाल्न विस्तारमा ढिलाइ ।

ग. व्यवस्थापनले अपनाएका रणनीतिहरू:

१.मानव संसाधनको प्रभावकारी उपयोगका लागि योजना लागू गरिनेछ ।

२.वभिन्न वित्तीय उपकरणहरूको पहिचान र त्यससँग सम्बन्धित जोखिमको मूल्याङ्कन गरिनेछ ।

३.विभिन्न आन्तरिक नीतिहरू र कार्यविधिहरूको विकास गरिनेछ ।

६. संस्थागत सुशासन

कम्पनीले संस्थागत सुशासन सम्बन्धी प्रचलित ऐन, कानुनको पूर्ण पालना गर्दै सञ्चालक तथा कर्मचारी आचरण सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्ने गरको छ । कम्पनीले सम्पूर्ण कम्पनीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता, खुलासा, स्वार्थको द्धन्द्ध, अनुपालना र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास समेटी सबै सञ्चालकहरुलाई अभिमुखीकरण/पुनर्ताजगीकरण गराउने कार्य गर्ने गरिएको छ । कम्पनीको सञ्चालक समितिबाट पारित नीति, नियमहरुलाई यस कम्पनीले अक्षरश: पालना गर्दै आएको छ । कम्पनीका आन्तरीक तथा बाह्य लेखापरिक्षणबाट औंल्याईएका कैफियतहरुलाई तत्काल सुधार गर्ने गरिएकोर कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली मजबतु गर्न तथा जोखिम व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन जोखिम आधारित आन्तरीक लेखापरिक्षणको अवधारणामा आन्तरिक लेखापरीक्षण विभागबाट दैनिक कारोबारको लेखापरिक्षण गर्ने गरिएको छ । कम्पनीको वित्तीय तथा संस्थागत सुशासनलाई अझ पारदर्शी र प्रभावकारी बनाउँदै जनविश्वास अभिवृद्धि गर्ने, कार्यक्रमहरु संचालन गरिनेछ ।

७. सत्य, तथ्यता सम्बन्धमा उद्घोषण

म, यस कम्पनीको महाप्रबन्धकको हैसियतले, यस प्रतिवेदनमा प्रदान गरिएका विवरणहरू सही, तथ्यमा आधारित र मेरो ज्ञान अनुसार पूर्ण रहेको पुष्टि गर्दछु, र लगानीकर्ताहरूले जानकार निर्णय लिन आवश्यक पर्ने कुनै पनि जानकारी लुकाइएको छैन भन्ने जिम्मेवारी लिन्छु ।

भवदीय,

विनय चिपालु
महाप्रबन्धक